# राप्ती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश,नेपाल
२०७३

प.सं.: २०७८/०७९

च.नं.: ४२०३

मिति :२०७९/०२/३०

श्री वडा कार्यालयहरु सबै (१-१३),

राप्ती नगरपालिका, चितवन ।

विषय : आ.व. २०७९/०८० को लागि रोजगारमूलक आयोजनाहरु पठाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा आगामी आ.व.२०७९/०८० का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार सूचीमा सूचीकृत व्यक्तिहरुलाई प्राथमिकरणको आधारमा न्यूनतम १०० दिन बराबरको काम उपलब्ध गराउनको लागि तहाँ वडा कार्यालय अन्तर्गत सञ्चालन गरिने सार्वजनिक पूर्वाधार निर्माण, सार्वजनिक पूर्वाधार मर्मत सम्भार तथा श्रमिकको ज्याला रकममा साझेदारी आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ७० र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०७७ को दफा -४(२) अनुसार संलग्न रोजगार आयोजनाका क्षेत्रहरुबाट आयोजनाहरु छनौट गरी वडाको आ.व. २०७९/०८० को बार्षिक कार्यक्रमसँगै पेश गर्नु हुन अनुरोध छ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्त हुने रकम श्रमिकको ज्यालामा मात्र खर्च गर्न पाउने प्रावधान भएकोले प्रस्तावित आयोजना छनौट गर्दा वडास्तरीय आयोजनासँग साझेदारी गर्नेगरी पठाउनुहुन अनुरोध छ ।

गंगा बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

७०. **रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु:** यो कार्यक्रम अन्तर्गत रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु देहाय बमोजिम हुनेछन्:

(१) **कृषि, सहकारी तथा पशु विकास:** शीत भण्डार निर्माण, कृषि उपजहरुको प्रोशेसिङ प्लान्ट निर्माण, परम्परागत र प्लास्टिक पोखरी निर्माण, कृषि उपजको संकलन तथा वेचविखन केन्द्र निर्माण, पर्ति जग्गामा खेती, खाली जग्गामा फलफूलका विरुवा रोप्ने, सामूहिक तथा सहकारी खेती, व्यवसायिक खेती तथा पशुपालन, कृषि वन कार्यक्रम, सहकारी संस्थाहरु, आदि ।

(२) **ऊर्जा, सिंचाई तथा नदी नियन्त्रण:** कूलो, बाँध, पैनी तथा नहर निर्माण एवं मर्मत सम्भार, जलविद्युत आयोजना र ट्रान्समिसन लाईन निर्माण तथा मर्मत सम्भार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, आदि ।

(३) **खानेपानी तथा सरसफाई:** मुहान संरक्षण, पाईप बिछ्याउने, ट्यांकी, धारा र शौचालय निर्माण तथा मर्मत, ढल पूर्वाधार मर्मत वा सोही प्रकृतिका सरसफाइ सम्वन्धी पूर्वाधारजन्य क्रियाकलाप ।[६]

(४) **वन तथा वातावरण:** वृक्षारोपण, वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत थिनिङ्ग, प्रुनिङ्ग, अग्नि रेखा निर्माण लगायतका कार्यहरु, खाली जग्गामा फलफूलका बिरूवा रोप्ने, सडक र नदी खोला किनारमा रुख रोप्ने, गैर काष्ठजन्य वन पैदावार उत्पादन, व्यवसायिक निजी वन, निजी वन नर्सरी, जडिवुटी खेती, प्रशोधन र बजारीकरण, कृषि वन, वन पैदावारमा आधारित उद्योग स्थापना, वायो इन्जिनियरिङ्ग प्रविधि, संरक्षण पोखरी निर्माण, वातावरण संरक्षण तथा जलवायु अनुकलन आदि ।

(५) **पर्यटन प्रबर्द्धन:** पर्यटकीय पदमार्ग, पर्यटन मार्गको निर्माण तथा मर्मत सम्भार, होटल तथा रेष्टुरेण्ट व्यवसायको प्रर्वद्धन, पर्यटन मार्गमा सेड निर्माण तथा होमस्टे लगायतका ग्रामीण पर्यटन, पर्या पर्यटन आदि ।

(६) **सडक यातायात:** एयरपोर्ट, सबै प्रकारका सडक, रेलवे, बसपार्क, पुल, कल्भर्ट आदिको निर्माण तथा मर्मत सम्भार ।

(७) **शिक्षा, युवा तथा खेलकूद:** साक्षरता अभियान, कम्प्युटर शिक्षा, विद्यालय खेलकुद कार्यक्रम र खेल मैदान, कवर्ड हल, स्टेडियम, विद्यालय भवन, पुस्तकालय आदि संरचनाको निर्माण तथा मर्मत सम्भार ।

(८) **पुनर्निर्माण:** सार्वजनिक र निजी भवन निर्माण, पुरातात्विक सम्पदाको पुनर्निर्माण आदि ।

(९) **सामूदायिक पूर्वाधार निर्माण:** पुस्तकालय, वाचनालय, जेष्ठ नागरिक क्लव, सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार आदि ।

(१०) **ठूला तथा राष्ट्रिय गौरवका आयोजना**को स्थानीय स्तरमा हुने निर्माण तथा मर्मत सम्भार लगायतका श्रममूलक कार्यहरु (माटोको काम, ग्याबियन वाल, ढुंगा कुट्ने, नाली बनाउने आदि) ।

(११) **सूचना तथा संचार प्रविधि:** नेपाल सरकारका मन्त्रालय, बिभाग, कार्यालय तथा अन्य निकायहरु, प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरु, स्थानीय तहहरु र बैंक तथा वित्तीय संस्थाहरुको अभिलेख डिजिटाइजेशन गर्ने, बिजनेस प्रोसेस आउटसोर्सिंग, नलेज प्रोसेस आउटसोर्सिंग र आईटी इनेवलिंग सर्भिसेज आदि ।

(१२) **स्वास्थ्य :** स्वास्थ्य पूर्वाधारको निर्माण तथा मर्मत ।[७]